गाउँ कार्यपालिकाको कार्यालय काठेखोला गाउँपालिका बिहुँकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

बैठक संख्या - ४१

आज मिति २०८१।०८।२६ गते काठेखोला गाउँपालिकाका अध्यक्ष श्री राजु थापा ज्यु को अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्न बमोजिम उपस्थिति र देहाय बमोजिम निर्णय भयो।

उपस्थिति :-

१. श्री राजु थापा - अध्यक्ष
२. श्री तेज बहादुर थापा - उपाध्यक्ष
३. श्री खड्क बहादुर थापा - वडा अध्यक्ष वडा नं. १
४. श्री विद्यापति शर्मा - वडा अध्यक्ष वडा नं. २
५. श्री कुल बहादुर (थिमा). - वडा अध्यक्ष वडा नं. ३
६. श्री लक्ष्मण पुन - वडा अध्यक्ष वडा नं. ४
७. श्री ज्ञाननाथ कडेल - वडा अध्यक्ष वडा नं. ५
८. श्री बृहस्पति शर्मा - वडा अध्यक्ष वडा नं. ६
९. श्री प्रेम बहादुर जिसी - वडा अध्यक्ष वडा नं. ७
१०. श्री पुर्णानन्द कडेल - वडा अध्यक्ष वडा नं. ८
११. श्री हिरा संगम वि. क. - कार्यपालिका सदस्य
१२. श्री भुमादेवी पुन - कार्यपालिका सदस्य
१३. श्री सुन्तली वि.क. - कार्यपालिका सदस्य
१४. श्री पुर्णमाया जुगल - कार्यपालिका सदस्य
१५. श्री गिता देवी वि. क. - कार्यपालिका सदस्य
१६. श्री देवी थापा मगर - कार्यपालिका सदस्य
१७. श्री चुर्ण बहादुर कार्की - प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थित :-

१. श्री माधव शर्मा - लेखा अधिकृत
२. श्री प्रकाश पौडेल - अधिकृत
३. श्री अञ्चल थापा - MIS अपरेटर
४. श्री भुपिकला सापकोटा - प्रशासन

राजु थापा
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
काठेखोला गाउँपालिका
बिहुँकोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

**निर्णयहरू:-**

**निर्णय नं. १.**

विधायन समितिमा छलफल पश्चात निर्णयका लागि पेश हुन आएको तपसिल अनुसारको कार्यविधि आजको कार्यपालिकाको वैठकबाट स्वीकृत गर्ने निर्णय गरियो।

क) काठेखोला गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०८१

ख) काठेखोला गाउँपालिकाको स्वास्थ्य विमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

ग) कृषि तथा पशु जन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०७७ (पहिलो संशोधन २०८१)

घ) कृषि तथा पशु सेवाको कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८० को (पहिलो संशोधन २०८१)

**निर्णय नं. २.**

चालु आ.व. ०८१/८२ मा आर्थिक विकास समिति अन्तर्गत चिया खेती प्रवर्द्धन कार्यक्रममा स्वीकृत रू. ६,००,०००।– रकम बाट वडा नं. ५ भ्यू टावरमा चिया खेती आयोजनमा सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३.**

एकपाट बौर सडक स्तरोन्नतीको लागी मिति २०७७/०२/२६ मा सम्झौता भई तोकिएको मितिमा काम सम्पन्न हुन नसकेकोले पछिल्लो पटक मिति २०८०/१२/२९ गते गाउँ कार्यपालिकाको निर्णय नं. ५ अनुसार मिति २०८१ मंसिर मसान्त सम्मको लागि म्याद थप गरिएकोमा थप गरिएको समयमा विशेष कारणले गर्दा सम्पन्न हुने नसकेकोले जोसि-निशान-आचार्य जेभी द्वारा म्याद थपको लागि मिति २०८१/०७/२७ गते निवेदन दिएको, मिति २०८०/११/२१ गते राजपत्रमा सूचना जारी गरि सार्वजनिक खरिद (१३औ संशोधन) नियमावलीको नियम १२० (क) मा खरिद सम्झौताको अवधि थप सम्बन्धी विशेष व्यवस्था गरेकोले पुन १२० दिन अर्थात २०८१ चैत्र मसान्त सम्म कुनै क्षतिपुर्ति नलिईकन म्याद थप गर्ने र सो मितिमा पनि काम सम्पन्न नगरेमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावलि २०६४ अनुसार क्षेतिपुर्ति सहित कार्वाहि प्रकृया अगाडि बढाउने गरि एक पटकको लागि गाउँ कार्यपालिककाको निर्णयले पुन म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ४.**

काठेखोला गाउँपालिकाको लोगो डिजाइन गरी पेश गर्न सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो।

**निर्णय नं. ५.**

मिति २०८१/०४/०८ गते काठेखोला गाउँपालिकाको शिक्षा समितिको बैठकको निर्णय नं. ३ अनुसार काठेखोला गाउँपालिका भित्र रहेका विद्यालयहरूको संरचना अध्ययन गर्न गठित ९ सदस्य कार्यदललाई अनुमोदन गरी कार्यदलले मापदण्ड बनाई विद्यार्थी संख्या कम भएका र संकटा अवस्थामा रहेका विद्यालयहरूको समायोजन गर्नको लागि प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ६.**

काठेखोला गाउँपालिकाको १६ औ गाउँ सभा बैठक मिति २०८१/०९/२९ गते गर्ने निर्णय गरियो।

**निर्णय नं. ७.**

काठेखोला गाउँपालिकाको कार्यालयमा सहायक पाचौँ तह अ.न.मि. पदमा कार्यरत सुनिता कार्की खड्काले BNS/BMS को प्रवेश परिक्षाको सवै चरणमा पास भएकोले तलवि अध्ययन विदा स्वीकृतको लागि दिएको निवेदन अनुसार आजको बैठकले तलवि अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो।

राजु थापा
अध्यक्ष

**निर्णय नं. ८. अनुमोदन**

-कार्तिक २६ गते देखि मंसिर १९ गते सम्मको सवारी साधन तथा मोटरसाईकलको इन्धन खर्च रू. २,८२,०४७।५१ (जे.सि.भि. रू. १,४१,२४०।–, ध १ झ १५ रू. २३,२४५।९८, ध १ झ २२ रू. २०,२२३।७६।-, ग ४ च ११०२ रू. २७,९०५।५९।-, मोटरसाईकल र अन्य रू. ६९,४३२।१८-)

**निर्णय नं. ९. विविध**

क) चालु आ.व. मा प्राविधिकहरूलाई निम्नानुसारको वडा जिम्मा दिने निर्णय गरियो ।

- हरि रावल वडा नं. २ र ७
- विशाल पण्डित वडा नं. ३ र ४
- शर्मिला वोहरा वडा नं. १ र ५
- पप्पु यादव वडा नं. ८
- वल बहादुर शाही वडा नं. ६

ख) काठेखोला गाउँपालिकाको चालु आ.व. ०८१/८२ को स्वीकृत वार्षिक बजेट अन्तर्गत वडा नं. ५ को वडा कार्यालय भवन पूर्णताको लागि रू. २० (विस) लाख रूपैया विनियोजन भएको र थप रकमको लागि गण्डकी प्रदेश सरकारलाई साझेदारीको लागी अनुरोध गरि पठाउने निर्णय गरियो ।

ग) निम्न अनुसार पकेट कार्यक्रमको सूचना अनुसार छनौट भई आएका कार्यक्रमहरूको स्वीकृत गर्ने निर्णय गरियो

१. संघिय शसर्त कार्यक्रम अन्तर्गत ५०% अनुदानमा नयाँ पकेट क्षेत्र अन्तर्गत

- बाख्रा पकेट विकास कार्यक्रम (रू. १५ पन्ध्र लाख) – रेश साना किसान सहकारी संस्था लि.
- मौरी पकेट विकास कार्यक्रम (रू. १२ बाह्र लाख) – लेखानी कृषक समूह

२. गत आ.व. मा ५०% अनुदानमा सञ्चालित फ्लो अप कार्यक्रम

- मसलावाली अदुवा/ वेसार पकेट स्थापना (रू. १ लाख २५ हजार) – बिहुँकोट साना किसान कृषि सहकारी ६
- मौरी विकास कार्यक्रम सञ्चालन (रू. १ लाख २५ हजार) – महिला वचत सरस्वती कृषक समूह ८

राजु थापा
अध्यक्ष